# भोट

## जनार्दन शर्मा

उम्मेदवार, रुकुम पश्चिम



पुरै पढ्न को लागि
QR स्क्यान गर्नुहोस्

## समृद्ध रुकुम पश्चिमको साझा संकल्प
## जनार्दन शर्माको कार्ययोजना पत्र–२०८२

"जनताको विश्वास, रुकुमको विकास!"


**प्रगतिशील लोकतान्त्रिक पार्टी**

VOTE फाल्गुन २१, २०८२

# आदरणीय जनसमुदाय,

म जनार्दन शर्मा वि.सं. २०१९ वैशाख २६ गते रुकुमको मुसिकोट–५, सेरिगाउँको एक किसान परिवारमा जन्मिएको हुँ। मेरो बाल्यकाल रुकुमका पहाडहरूमै बित्यो। त्यहिँ मैले प्रारम्भिक शिक्षा हासिल गरेँ। सानैदेखि समाजमा विद्यमान असमानता र अभावले मलाई झक्झकाउँथ्यो। मैले कृषि प्राविधिक (जेटीए) को अध्ययन पूरा गरेर केही समय सरकारी सेवामा काम पनि गरेँ। यसले मलाई ग्रामीण जनजीवन र जनताका वास्तविक समस्याहरूलाई नजिकबाट बुझ्ने अवसर दियो।

मेरो राजनीतिक चेतना २०३० को दशकदेखि नै अंकुराउन थालेको हो। २०३४ सालमा विद्यार्थी राजनीतिबाट सुरु भएको मेरो यात्रा पछि नेकपा (एकता केन्द्र) हुँदै जनयुद्धको तयारीमा मोडियो। जब मुलुकमा सशस्त्र विद्रोहको आवश्यकता महसुस भयो म आफ्नो सरकारी जागिर र पारिवारिक सुख त्यागेर पूर्णकालीन कार्यकर्ताका रूपमा भूमिगत भएँ। जनयुद्धको दौरान मैले 'प्रभाकर' उपनाम पाएँ र माओवादी जनमुक्ति सेनाको डेपुटी कमान्डरको भूमिकामा रहेर सैन्य फाँटको नेतृत्व सम्हाल्ने जिम्मेवारी पाएँ।



२०६२/६३ को ऐतिहासिक परिवर्तन र विस्तृत शान्ति सम्झौतापछि मेरो जीवनमा नयाँ मोड आयो। म सैन्य मोर्चाबाट राजनीतिक र संसदीय मोर्चामा प्रवेश गरेँ। म अन्तरिम व्यवस्थापिका संसदको सदस्य बनेसँगै संसदीय अभ्यासमा अभ्यस्त हुन थालेँ। रुकुमका जनताले मलाई सधैं माया र विश्वास गर्नुभयो जसका कारण २०६४, २०७०, २०७४ र २०७९ का सबै निर्वाचनहरूमा म उहाँहरूकै प्रतिनिधि भएर संसदमा पुग्न सफल भएँ।

मैले राज्यका विभिन्न महत्वपूर्ण मन्त्रालयहरूको नेतृत्व गर्ने अवसर पाएको छु। शान्ति तथा पुनर्निर्माण मन्त्री, गृह मन्त्री, ऊर्जा मन्त्री र अर्थ मन्त्रीका रूपमा मैले देशको सेवा गर्ने प्रयत्न गरेँ। विशेष गरी ऊर्जा मन्त्री हुँदा लोडसेडिङको अन्धकारबाट देशलाई मुक्त गराउने अभियानको नेतृत्व गर्न पाउनु मेरो लागि गर्वको विषय हो। यद्यपि, अर्थमन्त्रीका रूपमा काम गर्दा केही चुनौती र विवादहरूको पनि सामना गर्नु पर्‍यो तर मैले सधैं मुलुकको आर्थिक हित र समृद्धिलाई नै केन्द्रमा राखेर काम गर्ने प्रयास गरेँ।

अहिले मेरो सम्पूर्ण जीवन देशको परिवर्तन, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सामाजिक न्यायका लागि समर्पित छ। कहिलेकाहीँ राजनीतिमा आलोचना र प्रशंसा दुवै भोग्नुपर्ने हुन्छ, तर म आफ्नो निष्ठा र लक्ष्यमा अडिग छु। मेरो मुख्य उद्देश्य भनेकै मेरो निर्वाचन क्षेत्रका जनता र समग्र देशको आर्थिक-सामाजिक रूपान्तरणमा इमानदारीपूर्वक योगदान पुर्‍याउनु हो।

राजनीतिक यात्रा सधैँ सोचेजस्तो सहज हुँदैन। लामो समय जुन विचार र संगठनका लागि मैले आफ्नो जीवन समर्पित गरेँ। पछिल्लो समय त्यहाँ गम्भीर वैचारिक विचलन र सांगठानिक बेमेलहरू देखा पर्न थाले। नेतृत्वको कार्यशैली र पार्टीको दिशाप्रति मेरो असहमति बढ्दै गयो। अन्ततः आफ्नो सिद्धान्त र निष्ठामा सम्झौता गर्नुभन्दा नयाँ बाटो रोज्नु नै उचित ठानेर मैले पुरानो संगठनसँगको यात्रा टुङ्ग्याउने साहसिक निर्णय गरेँ।

अहिले म प्रगतिशील लोकतान्त्रिक पार्टी मार्फत नयाँ राजनीतिक उचाइका लागि क्रियाशील छु। मेरो यो कदम पद वा प्रतिष्ठाका लागि नभई, देशमा वास्तविक प्रगतिशील एजेन्डा र लोकतान्त्रिक संस्कारको स्थापनाका लागि हो। म आफ्नो निर्वाचन क्षेत्रका जनता र समग्र मुलुकको समृद्धिका लागि नयाँ उत्साहका साथ अघि बढिरहेको छु। मेरो लक्ष्य भनेको हिजोका अनुभवहरूलाई समेट्दै भोलिको उन्नत नेपाल निर्माणमा योगदान पुऱ्याउनु नै हो।




प्रगतिशील लोकतान्त्रिक पार्टी

# प्रतिबद्धताहरू


## १. कृषि क्षेत्रको आधुनिकीकरण

- जिल्लाका सुख्खा क्षेत्रहरूमा लिफ्ट र कुलोमार्फत बाह्रै महिना सिँचाइ पुऱ्याउन ठोस कदम चालिनेछ।
- किसानहरूलाई समयमै उन्नत बीउ, मल र आधुनिक कृषि औजारहरू सहज उपलब्ध गराइनेछ।
- संकलन केन्द्र र चिस्यान केन्द्र (Cold Storage) को स्थापना गरी कृषि उपजको उचित मूल्य सुनिश्चित गरिनेछ।
- प्रत्येक वडामा कृषि प्राविधिकको पहुँच पुऱ्याई माटो परीक्षण र रोग नियन्त्रणमा सहयोग गरिनेछ।
- परम्परागत खेतीलाई विस्थापन गर्दै फलफूल (सुन्तला, ओखर) र नगदे बालीको पकेट क्षेत्र विकास गरिनेछ।




## २. स्वास्थ्य सेवामा सुदृढीकरण

- जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टरहरूको स्थायी दरबन्दी सुनिश्चित गरी उपचारका लागि बाहिर जानुपर्ने बाध्यता अन्त्य गरिनेछ।
- विकट क्षेत्रका स्वास्थ्य चौकीहरूलाई आधुनिक उपकरण र पर्याप्त औषधिले सुसज्जित बनाइनेछ।
- गर्भवती महिला र नवजात शिशुको पोषण तथा स्वास्थ्यका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- स्वास्थ्य सम्बन्धी सामाजिक सचेतना फैलाउँदै धामीझाँक्री प्रथाको सट्टा वैज्ञानिक उपचारमा जोड दिइनेछ।
- द्वन्द्व प्रभावित र समस्यामा रहेका नागरिकका लागि मनोपरामर्श केन्द्रहरू स्थापना गरिनेछ।




## ३. शिक्षाको गुणस्तर र पुनरुत्थान

- क्षतिग्रस्त विद्यालय भवनहरूलाई सुरक्षित र आधुनिक संरचनामा छिटो पुनर्निर्माण गरिनेछ।
- युवाहरूलाई स्वरोजगार बनाउन जिल्लाभर प्राविधिक र सीपमूलक शिक्षालयहरूको सञ्जाल विस्तार गरिनेछ।
- विद्यालयहरूमा इन्टरनेट र कम्प्युटर ल्याबको व्यवस्था गरी 'स्मार्ट क्लास' को अवधारणा लागू गरिनेछ।
- शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकहरूका लागि नियमित क्षमता अभिवृद्धि तालिम दिइनेछ।
- गरिब र जेहेन्दार विद्यार्थीहरूका लागि उच्च शिक्षासम्मको छात्रवृत्ति प्याकेज घोषणा गरिनेछ।




## ४. यातायात र पूर्वाधार विकास

- जिल्लाका मुख्य ग्रामीण सडकहरूलाई बाह्रै महिना चल्ने गरी ग्राभेल र कालोपत्रे गरिनेछ।
- प्रमुख नदी र खोलाहरूमा मोटर गुड्ने पुल निर्माणलाई प्राथमिकता दिई यातायात सहज बनाइनेछ।
- सडक सुरक्षाका मापदण्डहरू कडाइका साथ लागू गरी सवारी दुर्घटना न्यूनीकरण गरिनेछ।
- भेरी कोरिडोर र मध्यपहाडी लोकमार्गको जिल्ला खण्डलाई तीव्र गतिमा पूर्णता दिइनेछ।
- अव्यवस्थित सहरीकरणलाई रोक्न योजनाबद्ध एकीकृत बस्ती विकास कार्यक्रम ल्याइनेछ।




## ५. खानेपानी र सरसफाइको ग्यारेन्टी

- 'एक घर, एक धारा' को लक्ष्य पूरा गर्न साना तथा ठूला खानेपानी आयोजनाहरू कार्यान्वयन गरिनेछ।
- जलवायु अनुकूलनका कार्यक्रममार्फत खानेपानीका मुहान संरक्षण र रिचार्ज पोखरीहरू निर्माण गरिनेछ।
- वितरण गरिने पानीको नियमित शुद्धिकरण र प्रयोगशाला परीक्षणको व्यवस्था गरिनेछ।
- बढ्दो सहरी क्षेत्रमा ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि प्लान्टहरू स्थापना गरिनेछ।
- व्यक्तिगत र सार्वजनिक सरसफाइका लागि समुदायलाई जागरुक बनाउँदै पूर्ण सरसफाइयुक्त जिल्ला बनाइनेछ।




## ६.ऊर्जा र विद्युतीकरण

- राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम बस्तीहरूमा छिटोभन्दा छिटो विद्युत सेवा विस्तार गरिनेछ।
- भोल्टेजको समस्या र लाइन काटिने समस्या समाधानका लागि सब-स्टेशन र ट्रान्सफर्मरहरू थप गरिनेछ।
- सुरक्षाका लागि सबै काठका पोलहरूलाई स्टिल पोलले विस्थापन गरिनेछ।
- बन्द भएका वा जीर्ण रहेका लघु जलविद्युत आयोजनाहरूलाई पुनः सञ्चालनमा ल्याइनेछ।
- ग्रामीण भेगमा सोलार र सुधारिएको चुल्हो जस्ता प्रविधिहरूलाई अनुदानमा वितरण गरिनेछ।




## ७. वातावरण र विपद् व्यवस्थापन

- भूकम्प पीडितहरूलाई अस्थायी टहराबाट सुरक्षित स्थायी घरमा सार्ने कार्यलाई मुख्य प्राथमिकता दिइनेछ।
- सामुदायिक वनहरूसँग मिलेर डढेलो नियन्त्रणका लागि तालिम प्राप्त टोली र उपकरणको व्यवस्था गरिनेछ।
- भू-क्षय रोक्न बायो-इन्जिनियरिङ र वृक्षारोपणका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विपद्को जोखिम न्यूनीकरण गर्न आधुनिक पूर्व-सूचना प्रणाली जडान गरिनेछ।
- विपद्को समयमा तत्काल उद्धार र राहतका लागि स्थानीय स्तरमा आपत्कालीन कोष बलियो बनाइनेछ।




## ८. अर्थतन्त्र र युवा रोजगारी

- स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरू स्थापना गर्न सहुलियतपूर्ण कर्जा दिइनेछ।
- विदेश जान चाहने युवाहरूलाई रोक्न आफ्नै ठाउँमा उद्यम गर्न सीप र पूँजीको व्यवस्था गरिनेछ।
- जडीबुटी खेती र प्रशोधन केन्द्र स्थापना गरी ग्रामीण आयआर्जनमा वृद्धि गरिनेछ।
- वित्तीय साक्षरता बढाउँदै ग्रामीण क्षेत्रसम्म बैंकिङ र सहकारी सेवा विस्तार गरिनेछ।
- छरिएर रहेको पूँजीलाई एकीकृत गरी ठूला उत्पादनमूलक आयोजनामा लगानी गरिनेछ।




## ९. पर्यटन प्रवर्द्धन

- स्यार्पु ताल, डिग्रे शाईकुमारी लगायतका स्थलहरूको गुरुयोजना बनाएर पूर्वाधार विकास गरिनेछ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा 'रुकुम पर्यटन महोत्सव' र डिजिटल ब्राण्डिङ गरिनेछ।
- जनयुद्धको इतिहास र वीरताको गाथा झल्काउने 'गुरिल्ला ट्रेकिङ रुट' लाई व्यवस्थित गरिनेछ।
- ग्रामीण संस्कृति झल्काउने होमस्टे (घरबास) सञ्चालनका लागि स्थानीयलाई तालिम र प्रोत्साहन दिइनेछ।
- स्थानीय मयूर नाच, सिङ्गारु र टप्पा जस्ता लोक संस्कृतिको संरक्षण गरिनेछ।



# १०. सूचना र प्रविधिको विकास

- जिल्लाका 'डेड जोन' हरूमा नयाँ टावरहरू थप गरी टेलिफोन र इन्टरनेटको पहुँच पुऱ्याइनेछ।
- जिल्ला सदरमुकाम र मुख्य बजारहरूमा तीव्र गतिको फाइबर इन्टरनेट विस्तार गरिनेछ।
- आम नागरिक र कर्मचारीहरूलाई प्रविधि मैत्री बनाउन विशेष तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- वडा तहसम्म नागरिक सूचना केन्द्र स्थापना गरी सरकारी सूचनामा सहज पहुँच सुनिश्चित गरिनेछ।
- पालिकाका सबै सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमा लगेर पारदर्शी बनाइनेछ।




## ११. सुशासन र भ्रष्टाचार नियन्त्रण

- सरकारी कामकाजमा हुने ढिलासुस्ती र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लागू गरिनेछ।
- सेवा प्रवाहलाई छिटो र छरितो बनाउन सबै सरकारी कार्यालयमा 'पेपरलेस' पद्धति सुरु गरिनेछ।
- विकास आयोजनाहरूको पारदर्शिताका लागि अनिवार्य सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण गरिनेछ।
- योजनाहरूको गुणस्तर सुनिश्चित गर्न विज्ञ सहितको शक्तिशाली अनुगमन टोली बनाइनेछ।
- जनताको काम छिटो हुने गरी रिक्त दरबन्दीहरू पूर्ति र कर्मचारी परिचालन गरिनेछ।



## १२. सामाजिक न्याय र समावेशीकरण

- बालविवाह, छुवाछुत र छाउपडी जस्ता सामाजिक कलङ्क विरुद्ध कानुनी र सचेतनामूलक अभियान चालिनेछ।
- महिलाहरूको आर्थिक र राजनीतिक सहभागिता बढाउन आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सरकारी भवन र सार्वजनिक स्थलहरूलाई अपाङ्गता मैत्री बनाइनेछ।
- युवाहरूलाई कुलतबाट जोगाउन खेलकुद र रचनात्मक क्रियाकलापमा संलग्न गराइनेछ।
- दलित, जनजाति र पिछडिएको क्षेत्रका नागरिकका लागि विशेष संरक्षणका कार्यक्रमहरू ल्याइनेछ।



# मेरो संकल्प

रुकुम पश्चिमको सर्वाङ्गीण रूपान्तरण र समृद्धिका लागि दृढ संकल्पित रहँदै यहाँका भौगोलिक चुनौती र पछिल्लो प्राकृतिक विपद्ले सिर्जना गरेका अवरोधहरूलाई चिर्दै एक समुन्नत जिल्ला निर्माण गर्ने साझा लक्ष्य अघि सारिएको छ। कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्यको सर्वसुलभ पहुँच तथा पूर्वाधार विकासका अधुरा परियोजनाहरूलाई पूर्णता दिँदै नागरिकको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन महसुस गराउने गरी ठोस कार्ययोजनाहरू कार्यान्वयन गरिनेछ। वैचारिक स्पष्टता र सांगठानिक निष्ठालाई आत्मसात् गर्दै प्रगतिशील लोकतान्त्रिक मूल्य-मान्यताको जगमा उभिएर भ्रष्टाचारमुक्त, पारदर्शी र जनउत्तरदायी स्थानीय प्रशासनको प्रत्याभूति दिलाउन कुनै कसर बाँकी राखिने छैन।

सबै प्रकारका सामाजिक कुप्रथा र विभेदको अन्त्य गर्दै न्यायपूर्ण समाज निर्माणका लागि युवा स्वरोजगार, महिला सशक्तीकरण र पछाडि पारिएका वर्गको हितलाई मेरो राजनीतिक यात्राको मुख्य प्राथमिकतामा राखिनेछ। रुकुम पश्चिमको विशिष्ट पहिचान र यहाँको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको जगेर्ना गर्दै पर्यटन र स्थानीय उद्यमशीलतामार्फत आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्न हरसम्भव प्रयास गरिनेछ। विगतका अनुभवहरूबाट पाठ सिक्दै र वर्तमानका चुनौतीहरूलाई चिर्दै आम जनसमुदायको भरोसा र विश्वासलाई ऊर्जाको रूपमा ग्रहण गरी एक समृद्ध, सुरक्षित र नमुना जिल्ला बनाउने यो पवित्र संकल्पमा सदैव अविचलित रूपमा लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु।

प्रगतिशील लोकतान्त्रिक पार्टी

चुनाव चिन्ह

आँखा